# दूर शिक्षा प्रणालीबाट शिक्षक पेसागत विकास तालिम सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावना:** शिक्षक पेसागत विकासको प्रारूप, २०७२ अनुसार तालिम केन्द्रमा आधारित आमने सामने माध्यम र विद्यालयमा आधारित परियोजना पद्धति समेतको तालिम पाठ्यक्रम संरचना कार्यान्वयनमा रही आएकामा कोभिड-१९ को सङ्क्रमण लगायतका कारणबाट आमने सामने विधि र विद्यालयमा आधारित तालिमको पद्धति कार्यान्वयनमा ल्याउन कठिन हुने सन्दर्भमा दूर शिक्षाका विभिन्न माध्यमको उपयोग गरी शिक्षक पेसागत विकास तालिम कार्यक्रमको सञ्चालन र प्रमाणीकरण गर्न वाञ्छनीय भएकोले,
शिक्षा नियमावली २०५९ (संसोधनसहित) को नियम ७३ (क) ले दिएको अधिकार प्रयोग गरी शैक्षिक जनशक्ति विकास परिषद्बाट यो कार्यविधि बनाई लागू गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "दूर शिक्षा प्रणालीबाट शिक्षक पेसागत विकास तालिम सञ्चालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "**दूर शिक्षा प्रणाली**" भन्नाले टेलिफोन, रेडियो, रेडियो एफ.एम., टेलिभिजन, अनलाइन तथा अफलाइनका माध्यमबाट प्रदान गरिने प्रणाली सम्झनुपर्छ।

(ख) "**प्रमाणीकरण तालिम**" भन्नाले स्थायी शिक्षकहरूलाई प्रदान गरिने एक महिने सेवाकालीन तालिम सम्झनुपर्छ।

(ग) "**मन्त्रालय**" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ।

(घ) "**विद्यालय**" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालन भएको सामुदायिक विद्यालय सम्झनुपर्छ, सो शब्दले परम्परागत विद्यालयलाई समेत जनाउँछ।

(ङ) "**शिक्षक**" भन्नाले विद्यालयमा अध्यापन गर्ने व्यक्ति सम्झनुपर्छ।

(च) "**शिक्षक पेसागत विकास**" भन्नाले शिक्षकको पेसागत ज्ञान र सिपको अद्यावधीकरण र संमृद्धीकरण भन्ने बुझ्नुपर्छ।

(छ) "**शिक्षा तालिम केन्द्र**" भन्नाले प्रदेशस्तरीय शिक्षा तालिम केन्द्र सम्झनुपर्छ।

(ज) "**सङ्कट**" भन्नाले कम सम्भावना तर उच्च जोखिम बोकेको, समाधानको विकल्पमा अन्योल हुने तर तत्कालीन रूपमा सम्बोधन गर्नुपर्ने प्रकृतिको घटनालाई बुझ्नुपर्छ।

(झ) **"स्वीकृत पाठ्यक्रम"** भन्नाले शैक्षिक जनशक्ति विकास परिषदबाट स्वीकृत भएको पाठ्यक्रमलाई सम्झनुपर्छ।

## परिच्छेदः २

## <u>सहभागी छनोट, तालिम संरचना तथा मूल्याङ्कन</u>

३. **<u>सहभागी छनोट प्रक्रियाः</u>** दूर शिक्षा प्रणालीबाट शिक्षक पेसागत विकास तालिम सञ्चालन गर्न देहाय बमोजिमका आधारहरू अवलम्बन गरिने छ।

(क) तालिम अप्राप्त स्थायी शिक्षक हुनु पर्नेछ।

(ख) शिक्षक पेसागत विकास (२०६६-२०७२) मा दुई वटा मोड्युल पूरा गरेका शिक्षक हुनु पर्नेछ।

<u>नोटः</u> यस अन्तर्गत दुई वटा मोड्युल सम्पन्न गरेको शिक्षकको हकमा यस प्रणालीबाट प्रदान गरिने प्रमाणीकरण शिक्षक तालिममा एक चरण मानिने छ।

(ग) शिक्षक पेसागत विकास (२०७३-२०७७) मा एक चरण पूरा गरेको शिक्षक हुनु पर्नेछ।

(घ) तालिममा सहभागी हुन चाहने शिक्षकहरू छनोट गर्ने क्रममा शिक्षा तालिम केन्द्रहरूले दूर शिक्षा प्रणालीको विभिन्न साधनहरू जस्तैः टेलिफोन, रेडियो, रेडियो एफ.एम., स्थानीय पत्रपत्रिका, केन्द्रको वेभसाइट, फेसबुक पेज जस्ता माध्यमको प्रयोग गर्न सक्नेछन्।

४. **<u>तालिमको संरचनाः</u>** (१) तालिमको संरचना शिक्षक पेसागत विकासको प्रारूप २०७२ ले प्रदान गरेको संरचना अनुसार हुनेछ।

(२) उपदफा (१) बमोजिम तालिम सञ्चालन गर्दा प्रमाणीकरण तालिम एक महिने हुनेछ।एक महिने प्रमाणीकरण तालिम १५/१५ दिनको दुई चरणमा सञ्चालन हुनेछन्।

(३) उपदफा (२) अन्तर्गतको १५/१५ दिनको दुई चरणलाई दुई खण्डमा विभक्त गरिएको छ।जस अन्तर्गत प्रथम खण्डलाई १० दिनको कार्यभार प्रदान गरिएको छ भने दोस्रो खण्डलाई ५ दिनको कार्यभार प्रदान गरिएको छ।

(४) उपदफा (३) अन्तर्गतको १० दिने कार्यभार अन्तर्गत सहभागी प्रशिक्षार्थीहरू ४५ घण्टाको समयमा सिक्ने र सिकाउने कार्यमा सक्रिय हुनुपर्नेछ। दूर शिक्षाको विधिमार्फत तालिम सञ्चालन गर्दा स्वाध्ययन र सिकाइ अनुभव आदानप्रदान समेत समेटिने हुँदा तालिमको अवधिमा लचकता प्रदान गर्न सकिने छ र बढीमा एक खण्ड १५ दिनमा सक्ने गरी व्यवस्थापन गर्न सकिने छ।

(५) स्वअध्ययन खण्डमा सहभागी प्रशिक्षार्थीहरूले अनुसूची १ मा उल्लेख गरिएका आधारहरू अनुसार डायरी व्यवस्थापन गरेको हुनु पर्नेछ।

(६) उपदफा (३) अन्तर्गतको दोस्रो खण्डको ५ दिने कार्यभार अन्तर्गत् सहभागी प्रशिक्षार्थीहरूले कुनै चारवटा परियोजना कार्य/अनुसन्धानात्मक कार्य सञ्चालन गरी प्रतिवेदन तयार गर्नुपर्ने हुन्छ, जुन तालिम सञ्चालनको क्रममा वा तालिम सञ्चालन पश्चात् बढीमा १५ दिनको अवधिभित्र सम्बन्धित शिक्षा तालिम केन्द्रमा बुझाउनु पर्नेछ। यस सम्बन्धी नमुना कार्य र आधारहरू अनुसूचीमा २ मा उपलब्ध छ।

**५. <u>तालिम सञ्चालन विधि/तरिका:</u>** दूर शिक्षा प्रणालीबाट शिक्षक पेसागत विकास तालिम सञ्चालन गर्दा देहायका तालिम सञ्चालन विधि/तरिकाहरू अवलम्बन गर्नु पर्नेछ।

(क) अनलाइन तथा अफलाइन सिकाइ साधनको प्रयोग

(ख) सिकाइ सामग्री अध्ययन तथा विश्लेषण

(ग) अन्तरक्रिया तथा छलफल

(घ) सहभागी प्रस्तुतीकरण

(ङ) प्रशिक्षक र प्रशिक्षार्थी मार्फत् भर्चुअल प्रस्तुतीकरण

(च) अनुभवको आदानप्रदान र सहभागीहरूलाई पृष्ठपोषण

**६. <u>तालिमको विषयवस्तु:</u>** दूर शिक्षा प्रणालीबाट सञ्चालन गरिने एक महिने प्रमाणीकरण तालिमको विषयवस्तु शैक्षिक जनशक्ति विकास परिषद्ले स्वीकृत गरेको शिक्षक पेसागत विकास कार्यक्रमको पाठ्यक्रमको आधारमा छनोट गर्नु पर्नेछ।

**७. <u>तालिम सञ्चालनको लागि सामग्री:</u>** तालिम सञ्चालनको क्रममा शिक्षा तालिम केन्द्रका प्रशिक्षक/रोस्टर प्रशिक्षकले तालिमको विषयवस्तुसँग सम्बन्धित आफैं निर्माण गरेको सामग्री वा अन्य प्रामाणिक स्रोतका सान्दर्भिक सामग्रीहरू प्रयोगमा ल्याउन सकिनेछ।

**८. <u>सहभागी मूल्याङ्कन</u>**

(क) तालिमका सहभागी मूल्याङ्कन १०० पूर्णाङ्कमा गर्नु पर्नेछ।

(ख) उपदफा (क) बमोजिम मूल्याङ्कन गर्दा प्रत्येक चरणको तालिमलाई १०० पूर्णाङ्कमा मूल्याङ्कन गरी ५० पूर्णाङ्कमा रूपान्तरण गरी मूल्याङ्कनको अभिलेख राख्नुपर्छ।

(ग) उपदफा (ख) बमोजिम मूल्याङ्कन गर्दा निर्धारित सूचकमा आधारित भई मूल्याङ्कन गर्नु पर्नेछ। मूल्याङ्कनका लागि निर्धारित सूचकहरू अनुसूची ३ मा उल्लेख गरिएको छ।

**९. <u>परियोजना कार्य/अनुसन्धानात्मक कार्यको मूल्याङ्कन</u>**

सहभागी प्रशिक्षार्थीहरूले दोस्रो खण्डमा तयार पारिएको परियोजना कार्य/अनुसन्धानात्मक कार्यलाई निर्धारित सूचकहरूको आधारमा मूल्याङ्कन गरी अभिलेख राख्नु पर्नेछ। परियोजना कार्य/अनुसन्धानात्मक कार्यको मूल्याङ्कनका आधारहरू अनुसूची ४ मा उल्लेख गरिएको छ।

## परिच्छेदः ३

## विभिन्न सरोकारवालाहरूको भूमिका

१०. **मन्त्रालयको भूमिकाः** दूर शिक्षा प्रणालीबाट शिक्षक पेसागत विकास तालिम सञ्चालनमा मन्त्रालयको भूमिका देहाय अनुसार हुनेछ।

(क) तालिम कार्यक्रम सञ्चालन गर्न स्रोत व्यवस्थाको लागि आवश्यक समन्वय गर्ने,

(ख) तालिममा शिक्षकको सहज पहुँच, सान्दर्भिकता र गुणस्तर सुनिश्चित गर्न आवश्यक निर्देशन दिने,

११. **शिक्षा तथा मानव स्रोत विकास केन्द्रको भूमिकाः** दूर शिक्षा प्रणालीबाट शिक्षक पेसागत विकास तालिम सञ्चालनमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको भूमिका देहाय अनुसार हुने छ।

(क) प्रदेशस्तरीय शिक्षा तालिम केन्द्रका प्रशिक्षक/रोस्टर प्रशिक्षकको क्षमता विकासको लागि प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने,

(ख) तालिम सञ्चालनको क्रममा अनुगमन तथा आवश्यक प्राविधिक सहायता उपलब्ध गराउने,

(ग) तालिम कार्यक्रमका लागि बजेटको व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(घ) तालिमको गुणस्तर कायम गर्न शिक्षा तालिम केन्द्रहरूसँग समन्वय गर्ने,

(ङ) विद्यालयका स्थायी शिक्षकहरूको प्रमाणीकरण तालिम सञ्चालनको लागि आवश्यक पाठ्यक्रम निर्माण गरी शैक्षिक जनशक्ति विकास परिषदद्वारा स्वीकृत गराई केन्द्रको वेबसाइटमा उपलब्ध गराउने,

(च) तालिम प्राप्त शिक्षकहरूको लागि प्रमाणपत्रको व्यवस्था मिलाउने,

(छ) तालिमको स्तर अध्ययन गरी परिषद् समक्ष पेस गर्ने,

१२. **स्थानीय तहको भूमिकाः** दूर शिक्षा प्रणालीबाट शिक्षक पेसागत विकास तालिम सञ्चालनमा स्थानीय तहको भूमिका देहाय अनुसार हुने छ।

(क) तालिम अप्राप्त शिक्षकहरूको लागि तालिममा सहभागी हुन प्रोत्साहित गर्ने,

(ख) तालिम प्राप्त शिक्षकहरूको शिक्षण व्यवहारको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने,

१३. **शिक्षा तालिम केन्द्रको भूमिकाः** दूर शिक्षा प्रणालीबाट शिक्षक पेसागत विकास तालिम सञ्चालनमा शिक्षा तालिम केन्द्रको भूमिका देहाय अनुसार हुने छ।

(क) तालिम अप्राप्त शिक्षकहरूको नामावली सङ्कलन तथा तालिमको लागि सहभागी छनोट गर्न स्थानीय तहसँग समन्वय गर्ने,

(ख) तालिम सञ्चालन गर्दा शैक्षिक जनशक्ति विकास परिषदबाट स्वीकृत भएको शिक्षक पेसागत विकास तालिम पाठ्यक्रमबाट र स्थानीय आवश्यकतालाई समेत ध्यानमा राखी तालिम सञ्चालन गराउने,

(ग) तालिम सञ्चालनलाई सहभागीमुखी र अन्तर्क्रियात्मक बनाउन आवश्यक वातावरण निर्माण गर्ने,

(घ) तालिम प्राप्त शिक्षकहरूको विवरण चुस्तदुरूस्त राखी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रूपमा उपलब्ध गराउने,

(ङ) तालिम प्राप्त शिक्षकहरूलाई प्रमाणपत्र वितरण गर्ने,

(च) तालिम प्राप्त शिक्षकहरूको कक्षा शिक्षणको अवलोकन गरी आवश्यक मात्रामा पृष्ठपोषण प्रदान गर्दै शिक्षकलाई हौसला प्रदान गरी पेसागत रूपमा उच्च मनोबल कायम राख्न सहयोग गर्ने,

१४. **<u>प्रशिक्षक/रोस्टर प्रशिक्षकको भूमिकाः</u>** दूर शिक्षा प्रणालीबाट शिक्षक पेसागत विकास तालिम सञ्चालनमा प्रशिक्षक/रोष्टर प्रशिक्षकको भूमिका देहाय अनुसार हुने छ।

(क) तालिम सञ्चालन पूर्व आवश्यक सामग्रीको सुनिश्चित गर्ने,

(ख) सहभागी प्रशिक्षार्थीहरूको स्वअध्ययन खण्डमा गर्नुपर्ने अध्ययनका लागि विषयवस्तु लगायत अन्य आवश्यक सामग्रीहरूको व्यवस्था मिलाउने,

(ग) उपदफा (ख) बमोजिम सामग्रीको व्यवस्था गर्दा डिजिटल रूपमा लेखरचना, प्रतिवेदन, इपुस्तक, वेभलिन्क, समस्याहरू, साइटहरू लगायत अन्य श्रव्य दृष्य सामग्रीहरूको उपयोग गर्ने,

(घ) सहभागी प्रशिक्षार्थीहरूलाई स्वअध्ययन खण्डको सिकाइ अनुभव तथा समालोचनात्मक विचारहरू सहभागीहरूमा आदानप्रदान गर्ने वातावरण निर्माण गरिदिने,

(ङ) सहभागी प्रशिक्षार्थीहरूको मूल्याङ्कनको अभिलेख राख्ने,

१५. **<u>विद्यालयको भूमिकाः</u>** दूर शिक्षा प्रणालीबाट शिक्षक पेसागत विकास तालिम सञ्चालनमा विद्यालयको भूमिका देहाय अनुसार हुने छ।

(क) शिक्षकको पेसागत विकासमा सहायता प्रदान गर्ने,

(ख) तालिम अप्राप्त शिक्षकलाई तालिममा सहभागीको लागि अनुमति दिने,

(ग) तालिम प्राप्त शिक्षकको शैक्षणिक व्यवहारको अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने,

१६. **<u>तालिममा सहभागी शिक्षकको भूमिकाः</u>** दूर शिक्षा प्रणालीबाट शिक्षक पेसागत विकास तालिम सञ्चालनमा तालिममा सहभागी शिक्षकको भूमिका देहाय अनुसार हुने छ।

(क) स्वअध्ययन खण्डमा नियमित रूपमा अध्ययन सामग्रीहरूको अध्ययन गरी सोको डायरी निर्माण गर्ने,

(ख) सिकाइ अनुभव आदानप्रदान खण्डमा सहभागी भई आफ्नो रचनात्मक विचार प्रस्तुत गर्ने,

(ग) प्रविधिको प्रयोगमा ज्ञान तथा सिप बढाउने,

(घ) परियोजना कार्य/अनुसन्धानात्मक कार्य निर्धारित समयमै सम्पन्न गरी सम्बन्धित शिक्षा तालिम केन्द्रमा बुझाउने,

**परिच्छेदः ४**

**विविध**

१७. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्थाले तालिम सञ्चालन र प्रमाणीकरण सम्बन्धमा बाधा उत्पन्न गरेमा फुकाउने अधिकार शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई हुने छ।

१८. **संशोधन वा परिमार्जनः** यस कार्यविधिको संशोधन वा परिमार्जन गर्ने अधिकार परिषद्लाई हुने छ।

## अनुसूची १

(दफा ४ को (५) सँग सम्बन्धित)

**<u>डायरी व्यवस्थापनका आधारहरु</u>**

(डायरी व्यवस्थापनमा उल्लेख गर्नुपर्ने विषयवस्तुहरू)

- प्रत्येक दिन अध्ययन गरिएको सामग्रीको नाम र मिति उल्लेख गर्ने,
- अध्ययन गरिएको सामग्री कुन विषयवस्तुसँग सम्बन्धित रहेको छ, सोको सुनिश्चित गर्ने,
- सामग्रीको अध्ययनपश्चात् महत्त्वपूर्ण बुँदाहरू टिपोट गर्ने,
- टिपोट गरिएका बुँदाहरूका आधारमा आफ्नो समालोचनात्मक धारणा बुँदागत रूपमा उल्लेख गर्ने,
- सामग्रीमा उल्लेख भएका विषयवस्तुले विद्यार्थीको सिकाइ र शिक्षक पेसागत विकासमा सहयोग कसरी गर्छ भन्ने कुराको सम्बन्ध खोज्ने,
- डायरी प्रत्येक दिन छुट्टा छुट्टै Event को रूपमा तयार गर्ने आदि,

## अनुसूची २

(दफा ४ को (६) सँग सम्बन्धित)

परियोजना कार्य/अनुसन्धानात्मक कार्यका विकल्प र आधारहरू

**प्रथम विकल्पः विद्यार्थीहरूको सिकाइ सहजीकरण**

- आफू रहेको समुदायमा रहेका विद्यार्थीहरूको सूची निर्माण गर्ने,
- समुदायमा निःशुल्क उपलब्ध हुने अनलाइन र अफलाइनका साधनहरू जस्तैः पुस्तक, लेखरचना, पत्रपत्रिका, आदि सूची तयार गर्ने,
- अनलाइन र अफलाइनका साधनहरूको प्रयोग गरी विद्यार्थीहरूको सिकाइ सहजीकरण गर्ने,
- सिकाइ सहजीकरणका क्रममा देखा परेका राम्रा पक्षहरू र आइपरेका कठिनाइहरू र समाधानका लागि गरिएका प्रयासहरूलाई समेटी प्रतिवेदन तयार पार्ने,

**दोस्रो विकल्पः सूक्ष्म अनुसन्धान लेख तयार**

- शिक्षण गर्दा आइपरेका वा पेसागत जीवनको दौरानमा आइपरेका कुनै एक समस्या/मुद्दा/प्रश्नलाई पहिचान गरी छनोट गर्ने,
- छनोट गरिएको समस्यासँग सम्बन्धित विभिन्न लेख, पुस्तक, भिडियो, तथा अन्य सान्दर्भिक सामग्रीहरूको सङ्कलन गर्ने,
- सङ्कलित सामग्रीहरूको अध्ययन, विश्लेषण तथा प्रतिबिम्बन गरी एउटा अनुसन्धानात्मक लेख तयार पार्ने,

**तेस्रो विकल्पः शैक्षणिक सामग्री निर्माण**

- आफूले अध्यापन गर्ने कुनै एउटा कक्षाको एउटा विषयको शिक्षणको लागि प्रयोग गर्न सकिने सम्भावित सामग्रीहरूको फेहरिस्त तयार गर्ने,
- सामग्रीहरूको फेहरिस्तबाट कुन कुन सामग्री श्रव्य वा श्रव्य दृष्य हुन् भनी छुट्याउने,
- उक्त सामग्रीहरू मध्ये कम्तीमा कुनै पाँचवटा सामग्रीहरू निर्माण गर्ने,
- निर्माण पश्चात् सामग्रीहरूको कक्षाकोठामा प्रयोग गर्ने तरिका (Classroom procedures) तयार गर्ने,
- समग्र कार्यप्रक्रिया सहितको एक प्रतिवेदन तयार पार्ने,

**चौथो विकल्पः डिजिटल सामग्रीहरूको सङ्कलन र व्यवस्थापन**

- आफूले अध्यापन गर्ने कुनै एउटा विषयसँग सम्बन्धित सम्भावित डिजिटल सामग्रीहरूको फेहरिस्त तयार पार्ने,
- फेहरिस्तबाट इन्टरनेटको प्रयोग गरी सामग्रीहरूको सङ्कलन गर्ने,
- सङ्कलित सामग्रीहरूको प्रयोग र सोको व्यवस्थापनको लागि के कस्ता कार्यप्रक्रियाहरू अवलम्बन गर्न सकिन्छ। सो सहितको एक प्रतिवेदन तयार पार्ने,

**पाचौं विकल्पः प्रतिबिम्बित लेख**

- सङ्कटको कारणले विद्यालयहरू बन्द भएको बेलामा आफू रहेको समुदायमा विद्यार्थीहरूको क्रियाकलापको अवलोकन गर्ने,
- विद्यार्थीहरूको क्रियाकलाप प्रति अभिभावकहरूको व्यवहार तथा प्रतिक्रियाहरू सङ्कलन गर्ने,
- समग्रमा विद्यार्थीहरूको क्रियाकलाप र अभिभावकको प्रतिक्रियाको अवलोकन र अध्ययन पश्चात् एक प्रतिबिम्बात्मक लेख तयार पार्ने,

**अनुसूची ३**

(दफा ८ सँग सम्बन्धित)

**<u>सहभागी मूल्याङ्कनका सूचकगत आधारहरू (एक चरणको लागि)</u>**

| क्र.स. | सूचकहरू | | पूर्णाङ्क |
|---|---|---|---|
| १ | तालिम अवधिको लागि | डायरी व्यवस्थापन | ५ |
| २ | | सहभागिता | ३ |
| ३ | | छलफलमा गरेको योगदान | ५ |
| ४ | | नियमितता र अनुशासन | २ |
| ५ | | परीक्षा | २५ |
| ६ | तालिम पश्चात् | परियोजना कार्य/अनुसन्धानात्मक कार्य | १० |

## अनुसूची ४

(दफा ९ सँग सम्बन्धित)

**<u>परियोजना कार्य मूल्याङ्कनका आधारहरू</u>**

| क.स. | सूचकहरू |
|---|---|
| १ | प्रतिवेदनको समग्र स्वरूप र स्तरीयता |
| २ | प्राप्त पृष्ठपोषणको आधारमा गरिएको परिमार्जन |
| ३ | तोकिएको निकाय/पदाधिकारीबाट गरिएको प्रमाणित |
| ४ | अनुसन्धानको अवधिमा अध्ययन गरिएका सामग्रीको सूची |